(वीर सहिदहरुको संस्मरणमा कीर्तिपुर,काठमाडौंबाट प्रकाशित )

जि.प्र.का.दर्ता न ५८/२०६३

# सहिद

SAHID WEEKLY साप्ताहिक

वर्ष १५, अंक ४, पृष्ठ-६ ने.सं. ११३८ बछला थ्व:, द्वादशी, वि. सं. २०७५ बैशाख १४ गते शुक्रबार APR 2018 मूल्य रु. ५।-

## पाँगावासीको मुद्दा पेशी सरेको सरै

कीर्तिपुर नपा वडा नं. ५ (साविक वडा नं. ११) पाँगा धुसी र महाँवो लखुका १०६ जनालाई हालेको मुद्दाको पेशी सरेको सरै भैरहेको छ।

बैशाख २ गते पहिलो पेशी दिएको थियो भने बैशाख १२ गते दोस्रो पेशी दिएको थियो। दुईटै पेशी वादी र प्रतिवादीको प्राविधिक कागज मिलाउन बाँकी रहेकोले सरेको पाँगावासीको वारेसनामा लिएका बैकुण्ठ महर्जनले सहिदलाई बताउनुभयो।

'पेशीमा चढाएपछि वादी प्रतिवादीको तर्फबाट बहस सुरु हुनेछ तर प्राविधिक रुपले पूर्ण नभएकोले फेरि तारेख दिएको छ', महर्जनले बताउनुभयो।

पाँगावासीले सयौं वर्ष अघिदेखि भोगचलन गर्दै आवास समेत बनाएर बसिसकेको बस्तीमाथि मुद्दा हाल्न सकिन्छ तर जित्न सकिन्न।

पाँगावासी जनतालाई दु:ख दिने नियतले नै मात्र मुद्दा हालेको प्रष्ट छ।

न कानूनी न त व्यावहारिक रुपले परिपक्व नभएपछि केही होला कि भन्ने अदृश्य पर्दाभित्रबाट चलेको गोटी कुनै हालतमा सफल नहुने प्रतिवादीहरु बताउँछन्।

विश्वका मजदुर एक होऔं !

## नेपाल क्रान्तिकारी मजदुर संघको दोस्रो सम्मेलन बैशाख १८ गते


नेपाल मजदुर किसान पार्टीको भातृ संगठन नेपाल क्रान्तिकारी मजदुर संघको दोस्रो राष्ट्रिय सम्मेलन बैशाख १८ गते अर्थात् मे १ मंगलबार हुने भएको छ।

सो कार्यक्रमको उद्घाटन नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छें रोहितले दिन १ बजे भक्तपुर टौमढीमा हुनेछ।

उद्घाटन पूर्व दत्तात्रयबाट जुलुस निस्की नगर परिक्रमा गरी टौमढीमा पुग्नेछ।

नेपाल क्रान्तिकारी मजदुर संघले १२६ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा संघको दोस्रो राष्ट्रिय सम्मेलन भव्यताका साथ सम्पन्न गर्ने तयारी गरेको थियो। २०७२ वैशाख १२ गतेको भूकम्पमा धेरै जनधनको क्षति भएपछि स्थगित भएको दोस्रो सम्मेलन १२८ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा यस वर्ष हुँदैछ। यो दिवस र सम्मेलन स्वयं राजनीतिक कक्षा हो। उक्त दिवस र सम्मेलनको जुलुस र उद्घाटनमा सहभागी भई राष्ट्रिय र अन्तर्राष्ट्रिय मजदुर आन्दोलन र यसको महत्त्वबारे जानकारी प्राप्त गर्न यो संघ मजदुर र सम्पूर्ण जनतालाई हार्दिक आग्रह गर्दछ। कार्यक्रम भव्यताका साथ सम्पन्न गर्न आवश्यक आर्थिक एवं नैतिक सहयोगको लागि पनि यो सङ्घ सम्पूर्ण क्रान्तिकारी मजदुर र सर्वसाधारण जनतामा अपिल गर्दछ।

का. रोहितको अन्तरवार्ता पृष्ठ ४ मा हेर्नुहोला



## प्रदेशसभाले तोक्यो स्थानीय तहको तलब सुविधा

हेटौंडा। प्रदेश नं. ३ को प्रदेशसभाको बिहीबार बसेको बैठकले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको तलब सुविधा तोकेको छ। बैठकले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेर लामो समयदेखि अन्योलमा रहेको स्थानीय कार्यपालिकाहरुका पदाधिकारी र सदस्यहरुको तलब सुविधा तय गरेको छ।

पारित विधेयकअनुसार नगरपालिकाको मेयरको मासिक तलब ३५ हजार, उपमेयरको ३० हजार, वडाध्यक्षको २१ हजार, कार्यपालिका सदस्यको ७ हजार र सभाको सदस्यको ६ हजार तय गरिएको छ।

साथै मेयरलाई सञ्चार सुविधा मासिक दुई हजार, उपमेयरको पन्ध्र सय र वडाध्यक्षको एक हजार तय भएको छ।

दैनिक भ्रमण भत्ता मेयरको दुई हजार, उपमेयरको अठार सय, वडाध्यक्ष, कार्यपालिका सदस्य र सभा सदस्यको सोह्र सय तय भएको छ।

विदेश भ्रमणको सन्दर्भमा मेयरको भ्रमण भत्ता १५० डलर, उपमेयरको १४० डलर, वडाध्यक्ष, कार्यपालिका सदस्य र सभासदस्यको १२५ डलर हुने भएको छ।

साथै न्यायिक समितिका सदस्यहरुलाई प्रतिमहिना

क्रमश: पृष्ठ ६ मा

## श्रीमद्भागवत सप्ताह शनिबार सकिँदै

पाँगा। ज्येष्ठ नागरिक सेवा केन्द्र नयाँ भवन निर्माण सहयोगार्थ तथा भूकम्पमा परी निधन भएकाको शान्तिको कामना गर्दै सुरु भएको श्रीमद् भागवत कथा वाचन सप्ताह भोलि शनिबार समापन हुँदैछ।

पाँगा लाछीमा संचालित सो सप्ताहमा पण्डित रामचन्द्र तिमल्सिनाबाट कथा वाचन गर्नुभएको थियो। कथा वाचन कार्यक्रम श्रोतालुहरुलाई कथाको प्रभावकारिताको लागि कथाको विषयवस्तु अनुसार नाटक पनि मञ्चन गरिएको थियो।

साताव्यापी नियमित स्थानीहरु व्रत बसेका थिए।

सप्ताहमा स्थानीय र उपत्यकाका विभिन्न स्थानबाट भक्तजन र सहयोगी दाताहरुबाट पूजा, तुला दान, अन्नदान र द्रव्य दान गरेका थिए।

सप्ताह कार्यक्रम बैशाख ७ गतेबाट सुरु भएको थियो।

बैशाख ७ गते सानेपास्थित राजतीर्थबाट ल्याइएको जल विष्णुदेवी मन्दिर भाजंगालमा राखेको कलशमा भरी कलश यात्रा सुरु गरेको थियो। स्थानीय बाजागाजासहित सुरु भएको कलश यात्रा पाँगा परिक्रमा गरी सप्ताह स्थल पाँगा लाछीमा पुगी उद्घाटन गरिएको थियो।


सप्ताहको उद्घाटन प्रदेश नं. ३ का सांसद पुकार महर्जनले गर्नुभएको थियो। वहाँले ज्येष्ठ नागरिक सेवा केन्द्र संचालित गरी सेवा प्रदान गर्नुहुने समूहलाई धन्यवाद दिँदै अब सेवा केन्द्रको भवन निर्माण कार्यमा पनि सफलता मिलोस् भनी कामना गर्नुभयो।

त्यसक्रममा वहाँले भवन निर्माणको लागि जग्गा दान गर्नुहुने माथं महर्जन, मधुकर महर्जन, हरिदेवी महर्जन र एलिप महर्जनलाई कदरपत्र र खाडा ओढाई सम्मान गरिएको थियो।

कार्यक्रममा प. रामचन्द्र तिमल्सिनाले सेवा केन्द्रको भवन निर्माण सोच ठूलो सेवा हो। अब हामी सबैले अलिअलि आर्थिक सहयोग गरेमा इच्छा पूरा हुने बताउँदै हामीले बाँचुञ्जेल सामाजिक सेवा गर्न कन्जुस्याईं गर्न नहुने बताउनुभयो। जसरी हामी एक्लै केही लिएर जन्मेन त्यसरी नै मर्दा केही लिएर जान सक्दैन भन्नुभयो।

कीनपा वडा नं ८ का वडा अध्यक्ष विनोद महर्जनले भवन निर्माणको कार्य गर्नु धानको बिऊ राख्नु सरह हो, सफलताको कामना गर्नुभयो।

दुर्गा कुमारी महर्जनको सभापतित्वमा भएको कार्यक्रममा कोषाध्यक्ष दुर्गा बहादुर महर्जनले स्वागत मन्तव्य राख्नु भएको थियो। स्रोतका अनुसार बिहीबार विहानसम्ममा १२ लाख रुपैयाँ आर्थिक संकलन भएको जनाएको छ।



सप्ताह समापनका दिन लाख बत्ती बाल्ने योजना रहेको स्रोतले जानकारी दिएको छ।

## मेलोडी क्वीन गायिका दीपा एकल साँझ



सुखामती मल्टी प्रोडक्सन प्रा.लि.को आयोजनामा नेवा: कलाकार स्वास्थ्य कोष सहयोगार्थ 'मेलोडी क्वीन' गायिका दीपा महर्जन एकल साँझ यही बैशाख २२ गते शनिबार हुने भएको छ।

होटल याक एण्ड एतीमा हुने लाइभ म्यूजिकल इभिनिङ कार्यक्रममा दीपालाई हास्य कलाकारका राजा मदनकृष्ण श्रेष्ठ, प्रसिद्ध गायककारहरु सानुबाबु महर्जन, निल शाक्य, राकेश बज्राचार्य, राजेश महर्जन र सतिश महर्जनले साथ दिनुहुनेछ।

संगीतकर्मी उपेन्द्र बज्राचार्यको नेतृत्वमा हुने सो कार्यक्रममा 'मेलोडी क्वीन' गायिका दीपाले नेपालभाषालगायतका गीतहरु पस्कनेछिन्।

स्मरणीय छ, गायिका दीपाले नेपालभाषामा ६० वटा र नेपालीभाषामा २० वटा गीत गाइसक्नु भएको छ।


## के तपाईंलाई थाहा छ ?



२०७५ साल जेष्ठ १ गतेदेखि कीर्तिपुर नगरपालिका क्षेत्रमा २०X३५ इन्च साइज र ४० र सो भन्दा कम माईक्रोन मोटाई भएका प्लास्टिक झोलाहरुको आयात, भण्डारण, बिक्री वितरण तथा प्रयोग गर्न प्रतिबन्ध लगाउने नगर कार्यपालिकाको निर्णय भएकोले ऐतिहासिक, धार्मिक, पुरातात्विक धरोहरहरुले भरिपूर्ण पर्यटकीय विकासको दृष्टिकोणले प्रचुर सम्भावना रहेको यस कीर्तिपुर नगरपालिकालाई प्रदुषणमुक्त शहर बनाउने तथा स्वच्छ कीर्तिपुर अभियानलाई सफल बनाउन सम्पूर्ण सरोकारवाला संघसंस्था एवं नगरवासीहरुको सहयोग र सद्भावको अपेक्षा गर्दछौं।



**कीर्तिपुर नगरपालिका**

**स्वास्थ्य तथा फोहोरमैला व्यवस्थापन समिति**



## Admission Open

A Full fledged English Medium School a Pioneer in the field of modern education announces New Admission Open from **Play Group to Grade VII** on merit basis for the academic session 2075.

**Entrance Examination:**

- 24th Chaitra (Saturday)
- 30th Chaitra (Friday)

Entrance Time: 11:00 AM

New Admission forms are available on all working days from school reception in between 10:00 AM to 4:00 PM

**LABORATORY SECONDARY BOARDING SCHOOL**

Kirtipur, Kathmandu, Phone: 4330790/4331790

Email: ourlabschool@yahoo.com

## ऐतिहासिक जनआन्दोलन २०४६ चैत्र २० गते शहादत अमर सहिद



लनबहादुर महर्जन वि सं. २००६ माघ | हिराकाजी महर्जन वि सं. २०१७ माघ | राजमान माली वि सं. २०२५ मंसिर | राजेन्द्र महर्जन वि.सं. २०३० चैत

**सहिद साप्ताहिक**

वर्ष १५, अंक ४, २०७५ बैशाख १४ गते शुक्रबार

शंखापुर प्रकाशन समूहको लागि

सम्पादक/प्रकाशक: नारायण महर्जन
कम्प्यूटर टाइप/सेटिङ्: सहिद डेक्सटप
सम्पर्क कार्यालय: जहुँ हिटी युवा क्लव - ११
पाँगा, कीर्तिपुर, फोन नं. ४३३०५८३, ९८४१४३६०२२
E-mail:- kipushahid@hotmail.com
kipushahid@gmail.com
www.kipushahid.blogspot.com
मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं

## सम्पादकीय...

## लोकतन्त्रको एक दशक

*२०७५ बैशाख ११ गते लोकतन्त्र स्थापना भएको एक दशक पुरा भएको छ ।*

*तत्कालिन राजाले चालेको प्रतिगमन विरुद्ध नेपाली जनताको संघर्षले प्रतिगमन पराजित भयो २०६४ सालमा ।*

*सर्वप्रथम प्रजातन्त्रको प्राप्तिको संघर्षमा सहिद हुनुभएका र घाइते योद्धाहरुमा सहिद साप्ताहिकको तर्फबाट न्यानो अभिवादन र सम्मान व्यक्त गर्दछौं ।*

*देश ४६ सालमा प्रजातन्त्र, २०६४ सालमा लोकतन्त्र स्थापनाको लागि जनताले गरेको बलिदान र योगदान स्वरुप प्राप्त प्रजातन्त्रलाई राजनैतिक दलहरुकै कारण लामो समयसम्म स्थानीय निकाय पंगु बनायो ।*

*नयाँ संविधान निर्माणसँगै संघीय संसदको, प्रदेश संसदको र स्थानीय तहको निर्वाचन भई निर्वाचित जनप्रतिनिधिहरुले पदभार ग्रहण गरिसकेका छन् ।*

*प्रजातन्त्रलाई संस्थागत विकास गर्नु देशमा सबै राजनीतिक दल र नेपाली जनताको चाहना हुनुपर्दछ ।*

*तर प्रजातन्त्र नरिवल सावित भैरहेको छ । नेपाली जनताले प्रजातन्त्रको अनुभव गर्न पाएका छैनन् ।*

*पूँजीवादी प्रजातन्त्रमा पूँजीपतिहरुकै हालिमुहाली हुनेछ भन्ने कुरा अहिले संघीय गणतन्त्रसम्म पुग्दा पनि प्रजातन्त्र सत्तासिनको लागि मात्र भएकोले पुष्टि गरेको छ ।*

*जनताको प्रजातन्त्र, जनताको लोकतन्त्र र जनताको गणतन्त्र त तब अनुभव गर्नेछ जन वर्गविहिन आदर्श समाज स्थापना हुनेछ, शोषणरहित समाज स्थापना हुनेछ ।*

*पूँजीवादी र पूँजीपतिहरुको दुर्गण र अन्याय बढेपछि जनता शिक्षित हुँदै अर्को क्रान्तिको लागि तयार हुनेछ र परिवर्तन हुनेछ त्यो हो समाजवादी गणतन्त्र ।*

# एमाले-माओवादी केन्द्र एकता-संशोधनवादी एकता

– नीरज

विदा भएको वर्ष २०७४ मा 'घोषणा हुन मात्र बाँकी' एमाले र माओवादी केन्द्रबीचको तथाकथित वाम एकता २०७५ सालको पहिलो सातामै 'संकट' मा फसेको छ । पदको बाँडफाँटमा कुरा नमिल्दा 'फाइनल टच' दिन मात्र बाँकी भएका सबै विषय समेत धरापमा पर्ने देखिएका छन् । साथै एकता घोषणा मिति बैशाख ९ पनि धरापमा परेको छ ।

बदलिंदो परिस्थितिले एमाले र माओवादी केन्द्रबीचको मिलन कुनै 'वाम एकता' नभई चुनावी गठजोड मात्र भएको भन्ने विश्लेषण सही प्रमाणित हुँदैछ । दुई दलबीचको एकतालाई 'दुनियाँमा कहीं नभएजस्तो' भन्दै अतिरञ्जना फलाक्ने प्रचण्डको अभिव्यक्ति यसअघि उनले बोलेका धेरै बोली जस्तै हावादारी पुष्टि हुनेछ ।

वामपन्थीको कुनै चरित्र नै नभएका दुई दलहरुबीचको एकता(कदाचित भए)ले खासमा नेपालको कम्युनिष्ट आन्दोलनमा इतिहासमा कहिल्यै नभए सरीको क्षति पुऱ्याउने निश्चित छ । तात्कालीन नेपाल कम्युनिष्ट पार्टीको दोस्रो महाधिवेशनबाट नेतृत्वमा पुगेको माझी समूहले पार्टीलाई पञ्चायतसमक्ष आत्मसमर्पण गर्न खोज्नु, नक्सलवादी विद्रोहको अन्धनक्कल गरी बीसको दशकमा झापामा भएको व्यक्तिहत्याको खोटो विचार, 'जनयुद्ध' को नाममा भएको माओवादी अराजकतावादी विद्रोहपछि नेपालको कम्युनिष्ट आन्दोलनमा एमाले र माओवादी केन्द्रबीचको एकताले अर्को ठूलो हानी पुऱ्याउनेछ । नेपाली कम्युनिष्ट आन्दोलनमा एक्लै एमालेको संशोधनवादी लाइन नै कम्युनिष्ट आन्दोलनलाई कमजोर बनाउन पुग्दो थियो, अब ऊसँग माओवादी केन्द्र पनि जोडिएपछि त्यसले पार्ने क्षतिको अनुपात स्वभावत: विशाल हुनेछ ।

संसारको कम्युनिष्ट आन्दोलनमा संशोधनवादी विचारको विकाससँगै समाजवादी आन्दोलनमा ठूलठूला क्षति भएका छन् । कम्युनिष्ट आन्दोलनभित्रैबाट विकास हुने गरेको संशोधनवादी विचारले संसारका धेरै देशहरुमा वैज्ञानिक समाजवादी बन्दोबस्त स्थापनामा तगारोको काम गरेर सारमा पूँजीवादकै सेवा गरेका मनग्य दृष्टान्त छन् । संशोधनवादलाई त्यसकारण कम्युनिष्ट आन्दोलनभित्रको पूँजीवादी चिन्तन भन्ने गरिन्छ । संशोधनवादी लाइनले मार्क्सवादको कुरा गर्न छोड्दैन तर मार्क्सवादकै बद्ख्वाई गर्नुमै उसको अस्तित्व निहित हुने गर्दछ । संशोधनवाद रातो झण्डा खसाल्न उचालिएको रातो झण्डा हो । अर्थात् यो बदि्नयतपूर्ण रातो झण्डा हो । त्यसको रङ्ग रातो भएर पनि उसको भित्री रुप भने कुनै पनि पूँजीवादी राजनीतिक दलभन्दा भिन्न हुने गर्दैन ।

संशोधनवादको रुप सधैं 'राष्ट्रवादी' हुने गर्दछ । प्रथम विश्वयुद्धका क्रममा जर्मनीका नेता कार्ल काउत्स्कीले युद्धमा आफ्नै देशका शोषक वर्गको सेवा गरेर जर्मनीका मजदुरहरुलाई धोखा दिएका थिए । तात्कालीन जर्मनीमा विद्यमान क्रान्तिको परिस्थितिलाई उपयोग गर्नुको साटो काउत्स्कीले मजदुर आन्दोलनलाई राष्ट्रवादको नाममा जर्मनीका शोषक वर्गकै हितमा मोडे । परिणामत: जर्मनीमा समाजवादी आन्दोलन कमजोर मात्र भएन बरु रोजा लक्सम्बर्ग र लिब्नेख्तजस्ता कम्युनिष्ट नेताहरु र कार्यकर्ताहरु निर्मम दमनचक्रमा परे । संशोधनवादीले लगाउने गरेको राष्ट्रवादको नारा मजदुर र किसान वर्गको हितमा नभई शोषक र पूँजीपति वर्गकै सेवा गर्ने नारा हो । काउत्स्कीको राष्ट्रवादले जर्मनीका मजदुरहरुको सेवा गरेन, बरु त्यहाँका पूँजीपति वर्गको हित गऱ्यो ।

संशोधनवादीले क्रान्तिलाई रोक्ने मात्र होइन, क्रान्तिद्वारा स्थापना भएको समाजवादी बन्दोबस्त ध्वस्त बनाउने प्रतिक्रान्तिकारी भूमिका समेत खेल्ने गर्दछ । तात्कालीन सोभियत संघको ख्रुश्चेभ संशोधनवादी लाइन यसको उत्तम दृष्टान्त हो । अक्टोबर समाजवादी क्रान्तिले स्थापना गरेको सोभियत सत्ता समेतलाई ध्वस्त बनाउन संशोधनवादीहरु सफल भएका थिए । स्थापना भएको ७० वर्षपश्चात् सोभियत समाजवादी सत्ता ढल्यो । इतिहासका यस्ता धेरै घटनाहरुले संशोधनवाद हरियो घाँसभित्र लुकेर बसेको हरियो सर्प भएको पुष्टि गर्दछ । एक्लो संशोधनवादी पार्टी नै समाजवादी आन्दोलनको लागि घातक हो भने नेपालमा आज दुई वटा संशोधनवादी सर्पहरुको मिलनले कम्युनिष्ट आन्दोलनमा ज्यादै क्षति पुग्नेछ । एमाले र माओवादी केन्द्रको एकता खासमा नयाँ जनवादी सत्ता स्थापनाको लागि कथित जनयुद्ध गरेको पार्टी माओवादी केन्द्रको मदन भण्डारीको संशोधनवादी लाइन जनताको बहुदलीय जनवादसमक्षाको आत्मसमर्पण हो । यो एकता मदन भण्डारीको संशोधनवादी लाइनको जीत हो र समग्र नेपालका मजदुर किसान र कम्युनिष्ट आन्दोलनको पराजय हो ।

माओवादी केन्द्र र एमालेबीचको एकतालाई दुवै दलका नेताहरुले जेसुकै उपमा र अलंकार लगाए पनि खासमा यसको जग कति कमजोर छ भन्ने कुरा यो साता पदको भागवण्डा नमिल्दा एकता प्रक्रियामा मडारेको संकटबाट पुष्टि गर्दछ ।

कम्युनिष्ट पार्टीहरुबीचको एकताको आधार भनेको सिद्धान्त र कार्यक्रम हो । सिद्धान्त र कार्यक्रम नमिल्दा पनि कुनै कथित कम्युनिष्ट पार्टीहरुबीच एकता हुन्छ भने त्यो स्वार्थ हो । कम्युनिष्ट पार्टीहरुको एकताको निम्ति सबैभन्दा बढी बहस र छलफल सिद्धान्त र कार्यक्रममा नै हुने गर्दछ । चिनियाँ कम्युनिष्ट पार्टी र सोभियत संघको कम्युनिष्ट पार्टीबीच भएको सैद्धान्तिक बहस सिद्धान्त र कार्यक्रमबीचकै मतभेदको परिणाम थियो । तर एमाले र माओवादी केन्द्रबीचको एकताको जरो सैद्धान्तिक मतभेद नभई पदको खिचातानी हुनुबाटै उनीहरुको नक्कली वाम चरित्र सतहमा आएको छ ।

दुई पार्टीबीच एकताको लागि हुनुपर्ने सैद्धान्तिक एकता वा बहसबारे केन्द्रीय स्तरका नेताहरु समेत अनविज्ञ हुनु आफैमा यो सैद्धान्तिक एकता नभएको प्रमाण हो । पार्टी एकताका सैद्धान्तिक आधारबारे नेता-कार्यकर्ताबीच छलफल र बहस नभएको भन्दै दुवै दलका एक खेमा नेताहरु सार्वजनिक रुपमै पार्टी एकताको विरोधमा उत्रेका छन् । कदाचित यो सैद्धान्तिक एकता भए दुवै पार्टीले खोई कुन दस्तावेज छलफलको लागि पार्टी एकाइमा पठाएर बहस गराइयो ?

विशेषत: माओवादी नेताहरु यो एकतालाई माओवादी केन्द्रको एमालेकरणको संज्ञा दिइरहेका छन् । उनीहरु यसलाई प्रचण्डको पूँजीवादीकरणको रुपमा लिइरहेका छन् भने यो कसरी कुनै पनि समाजको अग्रदस्ता प्रगतिशील क्रान्तिकारी पार्टीहरुबीचको एकता हुन सक्छ ?

एमाले र माओवादी केन्द्रबीचको एकताको लक्ष्य भनेको नेपालमा शासक बन्न सक्ने एउटा अर्को पार्टीको निर्माण गर्नु हो । अझ प्रष्ट शब्दमा भन्नुपर्दा काँग्रेसको बुढो घोडालाई तबेलामा थन्काएर नेपालका दलाल पूँजीपति वर्गले एमाले-माओवादी केन्द्र नामको घोडालाई सवारीको लागि तयारी गर्नु हो ।

सारमा संशोधनवाद कम्युनिष्ट आन्दोलनको क्यान्सर हो भने अब दुई वटा क्यान्सरको एकताले महाक्यान्सरको रुप लिंदैछ । यो क्यान्सरको प्रतिरोधको जिम्मेवारी भने फेरि पनि कम्युनिष्ट आन्दोलनभित्रका क्रान्तिकारी शक्तिको हो । संशोधनवादविरुद्धको सबभन्दा शक्तिशाली मोर्चा भनेको सैद्धान्तिक संघर्ष नै हो ।

मे ५ अब धेरै दिन टाढा छैन । विश्व सर्वहारा वर्गका गुरु, मार्क्सवादका प्रबर्द्धक कार्ल मार्क्सको यो वर्ष द्विशतवार्षिकी हो । यो अवसरमा नेपालका कम्युनिष्टहरुको जिम्मेवारी मार्क्सवादलाई संशोधनवादबाट जोगाउनु नै हुनेछ । नेपालको सन्दर्भमा संशोधनवादी लाइन कमजोर हुनु नै समाजवादी आन्दोलनको बाटो फराकिलो बन्नु हो । संशोधनवादी विचार मार्क्सवादी लेनिनवादी र कम्युनिष्टको जामा लगाएर शक्तिशाली बन्नुञ्जेल नेपालको कम्युनिष्ट आन्दोलनबारे नेपाली जनतामा रहेको भ्रम निवारण हुनेछैन । संशोधनवादीको मुखमा राम राम बगलीमा छुराको यर्थाथ जनताबीच उजागर गर्नुको अर्को विकल्प छैन ।

**श्रमको सम्मान गर्न सिकौं, राष्ट्रको उत्थान र विकासमा मद्दत पुऱ्याऔं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

**प्रथम लनगोल कप ब्याडमिन्टन**

नयाँ वर्ष २०७५ सालको उपलक्ष्यमा प्रथम लनगोल कप खुला ब्याडमिन्टन प्रतियोगितामा सहभागी बनौं ।

प्रवेश शुल्क: रु.१५००।-
अन्तिम नाम दर्ता: बैशाख २८ गते दिनको १ बजेसम्म
खेल संचालन: कीनपा- ६, लनगोल
खेल सुरु: बैशाख ३० गते

आयोजक:
लनगोल ब्याडमिन्टन क्लव
सम्पर्क: ९८४१५३५२०६

जनताको प्रजातन्त्र, समाजवाद र साम्यवादको लागि संघर्ष गरौं !

# नेपाल क्रान्तिकारी मजदुर संघको दोस्रो राष्ट्रिय सम्मेलनमा सहभागी होऔं !

## देशको परिस्थिति र हाम्रो संघ

नेपाल मजदुर किसान पार्टीको एक जनवर्गीय सङ्गठन नेपाल क्रान्तिकारी मजदुर संघ हो। यो संघ नेपालको मजदुर आन्दोलनमा एक प्रकाशस्तम्भ हो। निर्दलीय पञ्चायतीकालमा भूमिगतरुपमा वि.सं. २०२४ सालमा स्थापना भएको थियो। यो संघले उत्पादनका मुख्य-मुख्य साधन र सेवा सामाजिकीकरण, शिक्षा र स्वास्थ्य नि:शुल्क, सम्पत्तिको सीमा निर्धारण र विदेशमा सम्पत्ति राख्न नपाउने, योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको लागि संघर्ष गर्दै आएको छ। मानव जातिको सभ्य, सुसंस्कृत आदर्श समाज बनाउन जनताको प्रजातन्त्र हुँदै समाजवाद र साम्यवाद ल्याउन यो संघ संघर्ष गर्दैछ। संघका अग्रजहरूले वि. सं. २०३६ सालको जनमतसंग्रहमा बहुदलको पक्षमा प्रचार गर्नुभयो भने २०४६ सालको जनआन्दोलनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभयो। बहुदलीय व्यवस्था पुन:स्थापनापछि नेपालको मजदुर आन्दोलनमा विश्वासघात र पिपलपाते प्रवृत्ति देखापऱ्यो। सरकारमा गएका पार्टीहरूले देश र जनतामाथि पालैपालो शासन र शोषण गरेको विरोधमा यो संघ संघर्ष गर्दैछ। ती सरकार र पार्टीहरूले गरेका सार्वजनिक संस्थान निजीकरण, टनकपुर समझदारी र महाकाली सन्धि, माथिल्लो कर्णाली र अरुण तेस्रोजस्ता देशघाती कामको यो संघले डटेर विरोध गर्दैछ। २०५२ सालबाट सुरु भएको माओवादी अराजकतावादको 'सशस्त्र द्वन्द्व' लाई यो संघले तत्काल आलोचना गऱ्यो। दश वर्षको 'सशस्त्र द्वन्द्व' र त्यसपछिको 'शान्ति प्रक्रिया' को समीक्षा गर्दा माओवादी भारतको 'ट्रोजन हर्स' सावित भयो। यो संघले सङ्कटकालमा संसदको विघटनको विरोध गऱ्यो। प्रतिगमनविरोधी जनआन्दोलनमा प्रतिनिधिसभा पुन:स्थापनाको मागमा निरन्तर लाग्यो। प्रतिगमनको अन्त्यपछि स्थापना भएको लोकतन्त्र र गणतन्त्र, अन्तरिम संविधान हुँदै संविधानसभा निर्वाचन र नेपालको संविधान, २०७२ को घोषणा, त्यसपछिको स्थानीय, प्रदेश र संघीय संसदको चुनावमा यो संघले पूँजीवादको विरोध र समाजवादको प्रचारमा जोड दियो।

निर्वाचनमा पैसा (मनि), मुढेबल (मसल) र अपराधी समूह (माफिया) मार्फत भोजभतेर खुवाएका, नोटको बिट्टा र सामान बाँडेका, झुटा आश्वासन दिएका, राज्य संयन्त्र दुरुपयोग गरेका र त्यसैकारण धेरै स्थान जितेका पार्टीहरूले देश र जनताको हितमा काम नगर्ने स्पष्ट छ। ट्रेड यूनियनमा बहुमत जितेर पदाधिकारीहरूको अल्पकालीन स्वार्थमात्र हेर्ने र व्यक्तिगतरुपले आर्थिक र अन्य सुविधा लिने ट्रेड यूनियनवादको यो सङ्घले विरोध गर्दै आएको छ। यस आवको सात महिनामा आयात रु.६ खर्ब ६१ करोड ८५ लाखको भयो भने निर्यात रु.४६ अर्ब ६२ करोड २१ लाखको मात्र भयो। आजसम्मका सरकारहरूले स्वदेशी उत्पादन वृद्धि गर्न नसकेको र सीमित उत्पादन गर्न नसकेकोले आयात बढेको हो। कर फछ्र्यौटको निहुँमा कमिसन खान पल्केका सरकारहरूकै कारण देशको कर्मचारी प्रशासन चलाउन रु.१ खर्ब राजश्व नपुगेको हो। विकास र समृद्धि त विदेशी अनुदान र ऋणमा निर्भर हुँदैछ।

## निजीकरणको नाममा देश ध्वस्त पार्नेहरूलाई जेलमा थुन्नुपर्ने

सरकारमा गएका पार्टीहरूले उत्पादकत्व घटेको र घाटामा गएको निहुँमा २०५० सालयता ३० भन्दा बढी सार्वजनिक संस्थानहरू अर्बौं रुपैयाँ कमिसन खाएर कौडीको मोलमा निजीकरण गरे। २००७ सालपछि स्थापना भएका ६६ वटा सार्वजनिक संस्थानहरूमध्ये नेका, एमाले र माओवादीका सरकारहरूले ३० वटा संस्थान कौदीको मोलमा निजीकरण गरे। एमालेले निजीकरण गरिएका संस्थानहरू यसप्रकार छन्-

बालाजु कपडा उद्योग, रघुपति जुट मिल्स, नेपाल चिया विकास निगम, बुटवल पावर कम्पनी, नेपाल ढलौट उद्योग, नेपाल ल्यूव आयल, काँचो छाला सङ्कलन तथा बिक्री कम्पनी, चलचित्र विकास कम्पनी, नेपाल विटुमिन ब्यारेल, नेपाल बैङ्क लिमिटेड, नेपाल दूरसञ्चारलगायत ११ संस्थानको शेयर सन् १९९२ देखि २००८ सम्ममा बिक्री गरियो।

नेपाल जुट विकास कम्पनी, कृषि आयोजना सेवा केन्द्र, हिमाल सिमेन्ट उद्योग, हेटौडा कपडा लि, वीरगञ्ज चिनी कारखाना, कृषि औजार कारखाना, नेपाल यातायात संस्थान, कृषि चुन उद्योग, नेपाल ड्रिलिङ कम्पनीलगायत १२ संस्थान खारेज गरियो।

भक्तपुर इँटा कारखाना लि, लुम्बिनी चिनी कारखाना र नेपाल रोजिन एण्ड टर्पेन्टाइनको सम्पत्ति बिक्री गरियो भने विराटनगर जुट मिलको व्यवस्थापन करारमा दिइयो। यसकारण नेपालको आन्तरिक उत्पादन घट्यो, आयात बढ्यो र निर्यात निकै घट्यो।

नेपाल टेलिकमले दूरसञ्चार प्राधिकरणलाई अर्बौं रुपैयाँ असुल नगरी नाफा देखाएर सुविधा भागवण्डा गऱ्यो। नेपाल विद्युत् प्राधिकरण पनि अर्बौं घाटामा छ। नेपाल औषधि लि., गोरखकाली रवर उद्योग, जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र, उदयपुर सिमेन्ट उद्योग, हेटौडा सिमेन्ट उद्योग, काठमाडौं उपत्यका खानेपानी लि. लगायत संस्थानहरू भ्रष्टाचारको कारण घाटामा छन्। संस्थानका प्रमुखहरू, मन्त्रालयका सचिव र मन्त्रीहरू मोटाउँदै छन् तर देशको अर्थतन्त्र ध्वस्त हुँदैछ।

## वाम गठबन्धन होइन ठगबन्धन

एमाले र माओवादी केन्द्रले साझा निर्वाचन घोषणापत्र प्रकाशित गरे। प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा "वाम गठबन्धन" को नारा दिए। निर्वाचनपछि पार्टी एकता गर्ने प्रतिबद्धता गरे। नेकाले पनि लोकतान्त्रिक गठबन्धनको नारा अघि साऱ्यो। यथार्थमा दुवै गठबन्धन भारतीय विस्तारवाद र संरा अमेरिकी साम्राज्यवादको निर्देशनमा निर्माण भएको पुष्टि हुँदैछ। निर्वाचनमा "वाम गठबन्धन" ले बहुमत प्राप्त गरी फागुन ३ गते एमाले अध्यक्ष केपी ओली माओवादी केन्द्रको समर्थनमा प्रधानमन्त्री भए। प्रम ओलीलाई राष्ट्रिय जनता पार्टी नेपाल (महन्थ ठाकुर) र सङ्घीय समाजवादी फोरम नेपाल (उपेन्द्र यादव) समेतको समर्थन प्राप्त भयो। प्रधानमन्त्री ओलीलाई प्रतिनिधिसभाको कूल ७७ प्रतिशतको समर्थन प्राप्त भए पनि यथार्थमा एमालेको मत ४४ प्रतिशतमात्र हो। राजपा र फोरमले प्रधानमन्त्री ओलीलाई सम्पूर्ण मधेस एक प्रदेशको लागि संविधान संशोधन गर्नुपर्ने शर्तसहित समर्थन गरेका थिए। माओवादी केन्द्रले साढे दुई वर्षपछि आफ्नो नेतृत्वमा सरकार गठन गर्ने शर्तमा प्रम ओलीलाई समर्थन गरेको थियो। राष्ट्रपति र उपराष्ट्रपति तथा सभामुख र उपसभामुख पद भागवण्डा गरेका एमाले र माओवादी केन्द्रबीच औपचारिक र कानुनी रुपमा एकता हुनेछैन। संविधानमै राष्ट्रपति वा उपराष्ट्रपति र सभामुख वा उपसभामुख एउटै पार्टीको हुन नहुने प्रावधान छ।

दुई वर्षअघि प्रधानमन्त्री हुँदा ओलीले घरघरमा खाना पकाउने ग्यासको पाइपलाइन पुऱ्याउने, हावाबाट बिजुली निकाल्ने, नेपालको आफ्नै पानीजहाज चलाउने वाचा गरेका थिए। यसपटक ओली सरकारले आर्थिक विकास र समृद्धिको नारा दिँदैछ। प्रधानमन्त्री ओलीले भोको जनतालाई राज्यले खुवाउने, आफूले भ्रष्टाचार नगर्ने, भ्रष्टाचारीलाई नछाड्ने, कोही पनि भिखारी नहुने, दुई अङ्कले आर्थिक वृद्धि गर्ने, दुई वर्षभित्र पूर्व-पश्चिम रेल चलाउने वाचा झुठो प्रचारमात्र हो। युरोपेली युनियनको निर्वाचन पर्यवेक्षण प्रतिवेदनमा खस-आर्य समूह हटाउनुपर्ने सुझावलाई प्रम ओलीले देशको सार्वभौमिकतामाथि हस्तक्षेप भनी विरोध गरे तर विदेशी रकममा सञ्चालित गैरसरकारी संस्थाहरूमा एमालेका अधिकांश नेता र कार्यकर्ताहरू संलग्न छन्।

सरकारमा गएका पार्टीहरूले देशको सार्वभौमिकता र स्वाधीनतामाथि विदेशी हस्तक्षेपको विरोध गर्न नसक्दा पर्साको छपकैयामा २०२२ सालको नापीमा नेपालीले जग्गाधनी पुर्जा पाएको ५० विघा जग्गा भारतीय विस्तारवादले हस्तक्षेप गऱ्यो। भारतीय विस्तारवादले इलामको पशुपतिनगर, सप्तरीको तिलाठी र लालापट्टी, नवलपरासीको सुस्तादेखि कालापानी लिम्पियाधुरासम्म ७१ ठाउँमा ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि अतिक्रमण गऱ्यो। नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले नेपालमाथि भारतीय विस्तारवादको अतिक्रमण र हस्तक्षेपको सुरुदेखि विरोध गर्दै आउनुभएको हो। आर्थिक विकास र समृद्धिको लागि आर्थिक समानता आवश्यक छ। सर्वसाधारण जनताको आधारभूत आवश्यकता पूर्तिमा समेत सरकारको उपस्थितिको अनुभूति छैन। अर्थतन्त्र कालाबजारी र तस्करहरूको नियन्त्रणमा छ। दिन दुगुणा रात चौगुणाले महँगी बढेको छ। सरकारी अस्पताल मसानघाटको स्थितिमा छ। काठमाडौंमा झण्डै ४ लाख जनता दिनको ३ घण्टा सवारी 'जाम' मा बस्न बाध्य छन्। यसले नेपालको पेट्रोलियम पदार्थमा रु.४० अर्ब ऋण खर्च लाग्दैछ। काठमाडौं उपत्यकामा मात्र जनसङ्ख्या केन्द्रित गर्ने सरकारी नीतिको कारण खानेपानीको अभाव, प्रदूषण र अपराध बढ्दो छ। पुराना बस्तीसमेत भत्काएर सडक चौडा गर्ने सरकारी नीतिमा काठमाडौं उपत्यकाको सांस्कृतिक परिचय नष्ट गर्ने लक्ष्य राखेको छ। जलविद्युत् उत्पादनको एक सय दश वर्षमा नेपाल विद्युत् प्राधिकरणसँग हिउँदमा ३६५ मेगावाटमात्र बिजुली छ। सरकारले भारतबाट ४५० मेगावाट बिजुली महँगोमा खरिद गरी लोडसेडिङ घटाउँदै छ। नेपालको नदीनाला भारतलाई दिने र भारतसँग महँगोमा बिजुली किन्ने सरकारहरू कसरी देशभक्त हुनसक्छन् ?

सरकारले नेपाल-भारत सीमा नियमित गर्ने, खानेपानीको आपूर्ति गर्ने, जलविद्युत् उत्पादन गर्ने, देशको चारैतिर सहर विकास गरी सडक जाम हटाउने र भूकम्प पीडितको पुन:स्थापना गर्ने काममात्र गरे जनताले राहत अनुभूति गर्नेछन्।

## वर्ग रहेसम्म वर्गसङ्घर्ष

विश्वमा अशान्ति र युद्धको कारक पूँजीवाद र साम्राज्यवाद हो। संरा अमेरिकालगायत साम्राज्यवादी देशहरूले विश्व व्यापार सङ्गठन, विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्राकोषमार्फत गरिब देशहरूको प्राकृतिक स्रोत, जनशक्ति र बजार कब्जा गरी लुट मच्चाउँदै छन्। अमेरिकी साम्राज्यवादले केही वर्षदेखि सिरियामा पैसाको लागि लड्ने विद्रोहीहरूलाई हतियार र डलर सहयोग गर्दैछ र ठूलो धन-जनको क्षति गराउँदै युद्धमा घीउ थप्दैछ। इराक र लिवियाजस्ता सार्वभौम देशमाथि आक्रमण गरी तेल खानी कब्जा गरेका साम्राज्यवादीहरूले प्रजग कोरिया, क्युवाजस्ता समाजवादी देशविरुद्ध ६ दशक अघिदेखि नाकाबन्दी लगाउँदै युद्धको धम्की दिँदैछन्। अहिले संसारको ८० प्रतिशत श्रोत र साधन ०.००४ प्रतिशत शोषक वर्गको कब्जामा छ। यसले धनी र गरिबको दूरी बढाउँदै छ। पूँजीवादमा देखिएका आर्थिक सङ्कटहरू र यसबाट उत्पन्न मजदुर आन्दोलनको धक्काले पूँजीवाद र साम्राज्यवाद बालुवाको घरझैं भत्किनेछ। मजदुर आन्दोलनले समाजवादको स्थापना गरी छाड्नेछ।

मजदुर वर्गका महान गुरु कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले आदिम साम्यवादी समाजबाहेक मानव समाजको आजसम्मको इतिहास वर्गसङ्घर्षको इतिहास भएको बताउनुभयो। दास मालिकविरुद्ध दासहरूको विद्रोह, सामन्त र जमिनदारहरूको विरुद्ध भूदास र किसानहरूको विद्रोह, पूँजीपति वर्ग विरुद्ध मजदुरहरूको विद्रोह र आन्दोलनहरू वर्ग सङ्घर्षकै सिलसिला हो। अहिले संसारमा पूँजीवाद र साम्राज्यवादको विरुद्ध विश्वका थिचिएका जनता र मजदुर वर्गको सङ्घर्ष चालू छ।

चार-पाँच सय वर्ष पुरानो पूँजीवादमा मानव जीवन झन् कष्टकर बन्दै छ। सन् १८३१ को फ्रान्सको लियोन शहरका मजदुरहरूले 'काम गरेर जीऊ वा लड्दा लड्दै मरौं' लेखिएको कालो झण्डा बोकी सहर कब्जा गरेका थिए। सन् १८४८ मा बेलायतका ५० लाख मजदुरहरूको हस्ताक्षरसहितको मागपत्र (चार्टर) संसदमा पेश भयो। मागपत्रको माग संसदले स्वीकार गर्ने हो या राज्यशक्ति कब्जा गर्न कामदार वर्गले विद्रोह गर्ने प्रश्न त्यसमा थियो। सन् १८४८ मा मार्क्स-एंगेल्सले कम्युनिष्ट घोषणापत्र लेखेर सर्वहारा मजदुर वर्गसँग हार्नका लागि मजदुरहरूले हार्नको निम्ति बाँधिएको सिक्रीबाहेक नभएको तर जित्नको लागि सारा संसार भएको स्पष्ट पार्नुभयो। उहाँहरूले पूँजीवादको उत्थान, विकास र पतनको नियम (मार्क्सवादी दर्शन) प्रतिपादन गर्नुभयो र वैज्ञानिक समाजवाद र साम्यवाद ल्याउन विश्वका मजदुरलाई एक हुन आह्वान गर्नुभयो। सन् १८७१ मा मजदुर वर्गको पहिलो राज्य पेरिस कम्युन स्थापना भयो। सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिले सोभियत सङ्घको स्थापना गऱ्यो। त्यसको प्रकाश युरोप, एसिया, अफ्रिका र दक्षिण अमेरिकासम्म फैलियो। स्तालिनको निधनपछि सोभियत नेताहरूमा देखा परेको विश्वासघात (संशोधनवाद) र पिपलपाते (अवसरवाद) प्रवृत्ति प्रबल भयो र पूँजीवाद पुन:स्थापना भयो। सन् १९९१ मा सोभियत सङ्घमा प्रतिक्रान्ति भयो। वर्ग रहेसम्म वर्ग सङ्घर्ष चालू हुन्छ। सन् २०१६-१७ मा संरा अमेरिकी जनताले तिरेको करलाई पूँजीपति वर्ग वा बैङ्कहरूलाई अनुदान दिएकोमा 'वाल स्ट्रीट कब्जा गर' आन्दोलन भयो। रुसी जनता सोभियत सङ्घ पुन:स्थापनाको लागि सङ्घर्ष गर्दैछन्।

## अन्तर्राष्ट्रिय श्रमिक दिवस

संरा अमेरिकाको मजदुर आन्दोलनको इतिहासमा सन् १८७० देखि ९० को अवधि महत्त्वपूर्ण थियो। त्यसबेला मजदुरहरूले दिनको १८ घण्टासम्म काम गर्नुपर्दथ्यो। मजदुरहरूको कामको ज्यालाले सुख्खा रोटीसँग एक टुक्रा प्याज आधा पेटमात्र खान पुग्थ्यो। मजदुरहरूले छाप्रामा रात बिताउनुपर्थ्यो। मजदुरका ९-१० वर्षका केटाकेटीसमेतलाई दिनको १२-१३ घण्टा काम गराइन्थ्यो।

१ मई १८८६ को दिन ८ घण्टा काम र ज्याला बढाउने माग राखी संरा अमेरिकाका मजदुरहरू देशव्यापी हड्तालमा उत्रे। शिकागो सहर सङ्घर्षको केन्द्र थियो। पहिलो र दोस्रो मईको हड्ताल शान्तिपूर्ण थियो। ३ मईको दिन पुलिसले हड्तालमा सहभागी नि:शस्त्र मजदुरहरूमाथि गोली चलायो। पुलिसको गोलीबाट ५ जना मजदुरहरूले सहादत्त प्राप्त गरे र ५० जना मजदुर गम्भीर घाइते भए। मजदुरहरूले ४ मईको दिन गोलीकाण्डको विरोधमा विशाल विरोधसभा आयोजना गरे। सरकारकै एक गुप्ती पुलिसले उत्तेजना फैलाउन पुलिसमाथि बम हान्यो। त्यो मजदुर आन्दोलन दबाउने जालसाझी थियो। पुलिसले मजदुर र जनताको सभामाथि दनादन गोली बर्साउन थाल्यो। गोलीकाण्डमा धेरै मजदुरहरू मारिए र अनगिन्ती सहभागीहरू घाइते भए। पूँजीवादी सरकारको न्यायालयले बम काण्डको झुटो आरोपमा मजदुर नेताहरूलाई फाँसी दियो। मजदुर नेताहरूको फाँसीको समाचारसँगै सरकारको विरोधमा संरा अमेरिकाका सारा मजदुरहरू ज्वालामुखीको लप्का झैं उठे। मजदुर आन्दोलन अगाडि बढ्यो र मजदुरहरूको रगत-पसिनाले मोटाएका पूँजीपति वर्ग घुँडा टेक्न बाध्य भयो। मजदुरहरूको आठ घण्टा कामको दिन र ज्याला बढाउने माग पूरा भयो। मजदुरहरूको आन्दोलन र बलिदान खेर गएन। सन् १८८९ मा फ्रान्सको राजधानी पेरिसमा विश्वका मजदुरहरूको एक बैठक भयो। बैठकले १ मईलाई अन्तर्राष्ट्रिय श्रमिक दिवसको रुपमा मनाउने निधो गऱ्यो।

## मजदुर साथीहरू,

नेपाल क्रान्तिकारी मजदुर सङ्घले १२६ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा सङ्घको दोस्रो राष्ट्रिय सम्मेलन भव्यताका साथ सम्पन्न गर्ने तयारी गरेको थियो। २०७२ वैशाख १२ गतेको भूकम्पमा धेरै जनधनको क्षति भएपछि स्थगित भएको दोस्रो सम्मेलन १२८ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा यस वर्ष हुँदैछ। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले सम्मेलनको उद्घाटन गर्नुहुने र अन्तर्राष्ट्रिय श्रमिक दिवसबारे सम्बोधन गर्नुहुनेछ। यो दिवस र सम्मेलन स्वयं राजनीतिक कक्षा हो। उक्त दिवस र सम्मेलनको जुलुस र उद्घाटनमा सहभागी भई राष्ट्रिय र अन्तर्राष्ट्रिय मजदुर आन्दोलन र यसको महत्त्वबारे जानकारी प्राप्त गर्न यो सङ्घ मजदुर र सम्पूर्ण जनतालाई हार्दिक आग्रह गर्दछ। कार्यक्रम भव्यताका साथ सम्पन्न गर्न आवश्यक आर्थिक एवं नैतिक सहयोगको लागि पनि यो सङ्घ सम्पूर्ण क्रान्तिकारी मजदुर र सर्वसाधारण जनतामा अपिल गर्दछ।

## कार्यक्रम

मिति: २०७५ बैशाख १८ गते, मंगलबार

जुलुस सुरु हुने स्थान: दत्तात्रय

समय: बिहान ११:०० बजे


सभा हुने स्थान: टौमढी

समय: दिनको १२:०० बजे

- नेपाल क्रान्तिकारी मजदुर सङ्घ
दोस्रो राष्ट्रिय सम्मेलन तयारी समिति

# 'यमराजलाई समेत हाँक दिने जिउँदा वीरहरू नै कम्युनिष्ट हुन्'

## का. रोहित



**अध्यक्षज्यू, तपाईं लामो समय अध्यक्ष हुनुभयो, तर देशमा समाजवादी क्रान्ति पनि भएन भन्नेहरू छन् । तिनीहरूलाई हामीले कसरी सम्झाउने होला ?**

समाजवादी क्रान्तिको निम्ति देशको भित्री र बाहिरी परिस्थिति अनुकूल हुनु आवश्यक छ, भित्री र बाहिरी तयारी पनि उत्तिकै महत्वपूर्ण छ । राजनीति भनेको व्यापार र नोकरी जस्तो सजिलो अवश्य छैन । कार्यकर्ता र जनतामा विश्वासको खाँचो छ, अस्थिर, अनुशासनमा नबस्ने र फाइदा जहाँ छ त्यतै बग्नेहरू निश्चय पनि क्रान्तिकारी पार्टीमा अटाउँदैनन् । अनेक परिस्थिति र अनुभवले मात्र राम्रा समर्पित कार्यकर्ताहरू तयार हुन्छन् र समाजवादी क्रान्तिका लडाकू सावित हुन्छन् । यस्ता कार्यकर्ता तयार हुँदैछन् ।

**नेमकिपा फैलिन नसकेको कारण रोहितजी खाली भक्तपुरमा मात्रै सीमित रहनु हो भन्छन्, सत्य के हो ?**

भूमिगत, जेल र प्रवासमा बसेको हिसाब गर्दा २० वर्ष लाग्यो । भूमिगत कालमा उपत्यका र अन्य अञ्चलहरूमा गतिविधि नगरेको भए उत्तर र दक्षिण, पूर्व र पश्चिममा कसरी नेमकिपाको संगठन हुन्थ्यो । भूमिगत कालमा गुप्त रुपले विभिन्न नामले काम गर्दा प्रचार नहुनु स्वाभाविक हो, घरमा १८ वर्षपछि पुगें, सबै भाइहरूसमेत चिनेको थिइनँ । बाटोघाटो नहुँदा भूमिगतकालमा आजका शासक दलहरू दुर्गम र गरिब जनताको बीचमा जाँदैनथे । प्रजातन्त्र र गणतन्त्रपछि बाटा-घाटा भए, हवाई सेवा ठाउँ-ठाउँमा पुग्यो, तुलनात्मक रुपमा पूँजीवादी दलहरूलाई पैसाको कमी हुन्न, एक-एक निर्वाचन क्षेत्रमा लाखौं र करोडौं रुपैयाँ बाँडेर वा सामान उपहार दिएर निर्वाचन जित्छन् । यसकारण पैसाको भरमा, जात-जाति र भाषा एवम् बलको भरमा निर्वाचन जित्नु भनेको जनताको मन जित्नु र राजनैतिक रूपले जनतालाई सचेत पारेको ठहर हुँदैन । संगठनको विकासमा एक-दुई व्यक्तिको मात्रै योगदान हुने गर्दैन ।

**२०४८ सालमा भक्तपुर र जुम्लामा नेमकिपाले सांसद जित्यो, २०५१ सालमा भक्तपुरका दुई स्थान, जुम्ला र दैलेखमा पनि निर्वाचन जित्नुभयो, २०६४ सालमा पनि नेमकिपाले भक्तपुरका दुवै स्थान जित्यो । पहिलेको तुलनामा संगठन खुम्चेको भन्छन्, के यो सत्य होइन ?**

शासक दलहरू निर्वाचनलाई नै प्राथमिकता दिएर संगठन र गतिविधि गर्छन् । नेमकिपाले जिल्ला-जिल्लामा राजनैतिक दर्शनबारे जानकारी दिन्छ, नि:स्वार्थ रुपले जनताको सेवा गर्ने कार्यकर्तालाई प्रेरित गर्दै जनसभा, कोणसभा, अन्तरक्रिया, कक्षा सञ्चालनलाई प्राथमिकता दिन्छ । यस अर्थमा नेमकिपा अन्य राजनैतिक दलहरूको दाँजोमा धेरै अगाडि छ ।

**त्यसो भए के नेमकिपाले पार्टी संगठनको निम्ति खर्च गर्दैन ?**

पत्र-पत्रिकाको प्रकाशन, पुस्तकहरू प्रकाशन, जिल्ला-जिल्लामा ती प्रकाशनहरूको अन्तरक्रिया, जनसभा, प्रदर्शन आदिमा नेमकिपाले खर्च गर्छ । निर्वाचनमा घोषणापत्र, उम्मेद्वारहरूको चिनारी, अन्य स-साना पर्चा र पुस्तिकामा खर्च गर्छ । तर मतदाताहरूलाई सामान उपहार दिने, खाममा राखेर रकम बाँड्ने वा भोजभत्तेरमा खर्च गर्ने गर्दैन तथा जागिर दिने र भ्रष्टाचार गर्न पाउने ठाउँमा सरुवा र प्रमोसन गराउनेजस्ता आश्वासन दिने र निर्वाचन आचारसंहिता विपरीत हुने अनियमितता नेमकिपाले आजसम्म गरेको छैन ।

**इमानदारीपूर्वक र समर्पित राजनीति गर्दा पनि नेमकिपाले किन बढी स्थान जितेन ?**

देशमा अत्यन्त गरिबी छ, भोकले के गर्दैन भन्ने उखानअनुसार पैसा लिएर मत दिनु अस्वाभाविक मान्दैनन् । विचारको विरोधमा मत दिनु प्रतिष्ठा र नैतिकताको विषय मान्दैनन् । दीर्घकालीन हितबारे जानकारी नभएसम्म तत्कालीन हित र सानो स्वार्थमा मतदाता लोभिने हुन्छन् । पश्चिमी देशहरूमा समेत एक सिसी रक्सी र जाँडमा मत दिन्छन् भन्ने व्यापक चर्चा हुन्छ ।

नेमकिपाले जुम्ला र दैलेखजस्ता जिल्लामा समेत विजय हासिल गरेको थियो । पूँजीवादी दलहरूले नेमकिपाका २-३ सांसदहरूलाई विदेश पठाई सुन किन्न दिएर, मोटर सुविधा र मन्त्री बनाउनेजस्ता गैरसैद्धान्तिक-राजनीतिक काम गरे । एमाले र नेकाले नेमकिपाका सांसद तथा कार्यकर्ताहरूलाई लोभमा फसाई आ-आफ्ना पार्टीमा लगे । तर पार्टी र जनतालाई घात गर्नेहरूको न इज्जत बढ्यो न त दल बदलमा उत्साहित गर्ने पूँजीवादी दलहरूको प्रतिष्ठा बढ्यो । खाली राजनीति फोहोर भयो । ती पूँजीवादी दलहरूको उद्देश्य ती सांसदहरूमार्फत् त्यहाँका नेमकिपाका कार्यकर्तालाई बिटुल्याउनु थियो, त्यही भयो । समाजलाई फोहोर गर्नु नै पूँजीवादी राजनैतिक दलहरूको धर्म बन्यो । यसकारण नेमकिपा २-४ वर्षको होइन, दीर्घकालीन हितको निम्ति जनताको पक्षमा संगठन गर्छ, शिक्षित गर्छ र संघर्ष गर्छ ।

**पूँजीवादी दलहरूले नेमकिपालाई ध्वस्त पार्न खोज्दा पनि गाउँ र जिल्लामा समेत तपाईंहरू अहिले पनि सक्रिय हुनुहुन्छ, किन र कसरी ?**

समाजमा राम्रा, इमानदार र इज्जतदार मानिसहरू पनि छन् । नि:स्वार्थ रुपले जनताको सेवा गर्ने, कामदार वर्गको दीर्घकालीन हितको निम्ति काम गर्न समर्पित युवाहरू पनि छन् । जनता त धरती जस्तै हुन् । हरेक वर्ष घाँस उम्रन्छ, फूलहरू फुल्छन् र फलहरू फल्छन्, शरद ऋतुमा पातहरू झर्छन् र घाँस सुक्छन् । तर वसन्त ऋतुमा फेरि प्रकृतिमा हरियाली छाउँछ । प्रतिक्रियावादीहरूले नेमकिपालाई सुकाउन खोज्छन्, तर जनताले फेरि अमृत प्रदान गर्छन्, जनताको सेवामा फेरि फेरि जुट्छन्-निस्वार्थ रुपले नेमकिपाका कार्यकर्ताहरू । रुसी जनताका महान् नेता स्तालिनले कार्यकर्तालाई उत्साहित गर्नुहुन्थ्यो- 'कम्युनिष्ट भनेको यमराजको ढोका घच्घच्याउने र यमराजलाई हाँक दिने जिउँदा वीरहरू हुन् ।' चिनियाँ जनताका महान् नेता माओ त्से तुङले आफ्ना कार्यकर्तालाई भन्नुहुन्थ्यो- 'कार्यकर्ताहरू अथक हुनुपर्छ, थाक्नुहुन्न, नि:स्वार्थ रुपले देश र जनताको सेवा गर्नुपर्छ ।' यी शिक्षा नेमकिपालाई पनि लागू हुन्छ ।

**तपाईं पटक-पटक संसदमा विजयी हुनुभयो, अर्थात् २५ वर्ष सांसद बन्नुभयो तर मन्त्री किन बन्नुभएन भन्ने प्रश्नबारे के भन्नुहुन्छ ?**

जनतासँग हामीले सरकारमा जान होइन सरकारलाई खबरदारी गर्न मत माग्यौं, जनताले सरकारमा नगई प्रखर प्रतिपक्षको भूमिका खेल्न मत दिएका थिए, मैले जनादेशलाई शिरोपर गरें । नेमकिपाको उद्देश्य २-४ जनालाई मन्त्री बनाउने होइन । नेमकिपा देशमा आमूल परिवर्तनको निम्ति संघर्ष गर्ने सिपाहीं तयार गर्ने राजनैतिक दल हो ।

**मन्त्री हुनुभएको भए धेरै विकास हुन्थ्यो कि ?**

मन्त्री हुँदैमा विकास हुने भए सयौं जना मन्त्री भए खोई त जनताले सुख पाएको ? मन्त्री भएर होइन देशमा नयाँ व्यवस्था ल्याउनु आवश्यक छ । अहिले पनि जनप्रतिनिधि र सांसदहरूका विषयमा समाचारपत्रहरूमा 'जनप्रतिनिधिको आँखा नदीमा अर्थात् गिट्टी-बालुवामा', 'भारतमा तीनवटा कोठी चलाउने' र 'खाली भत्ता र सहुलियत' भनी आलोचना छापिएका छन् ।

**आजको तुलनामा तपाईंको बेला सरकारी जागिर खान सजिलो थियो र काठमाडौं उपत्यकामा बस्ने हुँदा नातागोता पनि ठूलो पदमा थिए होलान् । किन जागिर खानुभएन ? उपदान, निवृत्तिभरण, कर्मचारी सञ्चय कोष आदि-आदि सहुलियत हुनेबारे सोच्नुभएन ?**

मानिसको जीवनमा परिवार, अध्ययन, चिन्तन, संगत आदि विषयले प्रभाव पार्छ । दिनका दिन काम गरी खानुपर्ने श्रमिक परिवारमा कामको खोजी र २-४ पैसा बढी आउने ठाउँमा काम खोज्ने गर्छ । वर्षभरि खान पुग्ने धनी किसानले एक टुक्रा खेत र एउटा अर्को सानो घर थप्ने विचार गर्छ । देश र समाजको परिवर्तनमा योगदान गर्ने उच्च विचार भएका विश्वविद्यालयका छात्र-छात्राहरू देशको नि:स्वार्थ रुपले सेवा गर्न प्रस्तुत हुन्छन् । तर विश्वविद्यालयकै प्रमाणपत्रधारी युवाहरू आफ्नो घरको परिवेशअनुसार व्यापार वा सरकारी नोकरीमा लाग्छन् ।

सस्तोमा किनेर महँगोमा नाफा लिएर बेच्ने व्यापार शैली बुझेपछि व्यापार गर्नु शोषण गर्नु हो भन्ने लागेकोले आफू कहिल्यै व्यापारी हुने सोच आएन । यस्तै जीवनभर पेन्सन पाउने, १० वर्षपछि उपदान पाउने वा कर्मचारी सञ्चय कोष आदि आदि सहुलियत पाउने भए पनि म आफूलाई त्यसबेलाको सरकारको नोकर बन्ने मनले नै मानेन । कम्युनिष्ट भएर अत्यधिक बहुमत जनताको सेवा गर्नु जस्तो ठूलो सेवा र महान् कार्य मैले अरु केही अनुमान नै गरिन । यसकारण 'जा गिर' भन्ने बाटोमा म लागिनँ ।

**आजको पुस्तामा यस्तो भावना देख्नुहुन्छ ?**

उच्च विचार भएका र सुसंस्कृत परिवारमा यस्तो भावना भएका युवाहरू आज पनि छन् । तर सांस्कृतिक रुपले पछि परेका परिवारका युवाहरूमा विदेश गएर कमाउने वा देशमै धेरै रकम आउने काम पाउने र 'खानकै निम्ति बाँच्ने' प्रवृत्ति छ, त्यस प्रवृत्तिलाई साहित्य र दर्शनले परिवर्तन गर्नु आवश्यक छ ।

**के नेपाली समाजमा परिवर्तन आउला ?**

निश्चय नै ढिलो वा चाँडो परिवर्तन अवश्यम्भावी छ । भूकम्पको झट्काले सुरुमा धनीहरूमा पनि एकतल्ले मात्र घर बनाउने र जीवनमा धर्मकर्म गर्ने भावना देखियो । माओवादी गतिविधिको बेला जिल्ला र गाउँको सम्पत्ति छोडेर धनीहरू राजधानीमा आए । भूकम्पपछि र माओवादी गतिविधिपछि ती धनीहरूको चिन्तनमा कुनै हेरफेर देखा परेन । लडाईं र क्रान्तिले लोभीहरूको लोभ पनि ठाउँमा आउनेछ ।

**तपाईंको अन्तरवार्ताहरू चर्चामा छ, तपाईं कस्तो मूल्याङ्कन गर्नुहुन्छ ?**

२१-२७ चैत २०७४ को 'गज्जब' मा प्रकाशित कृष्ण आचार्यको अन्तरवार्ता छ्यासमिसे भएको अनुभव गर्छु । मेरो सानो स्वर र उच्चारण नबुझेर पनि हुनसक्छ, ओलीलाई मैले 'स्पष्ट वक्ता' भनेको थिएँ, लेखाईमा 'स्वस्थ वक्ता' लेखियो ।

रामचन्द्र पौडेलबारे, मैले 'म उहाँको आलोचक हुँ' भनेको थिएँ । तर पत्रिकामा 'गाली' शब्द प्रयोग भयो, त्यो गलत हो ।

कमल थापाको कुनै कथा संग्रह मैले पढेको छैन । प्रसङ्ग कमल थापा गृहमन्त्री हुँदा, स्थानीय निकायको निर्वाचनको विरोधमा भक्तपुर नगरपालिकामा जनताले धर्ना दिएका थिए । तत्कालीन डीएसपी नवराज सिलवालले शान्तिपूर्ण धर्नामा गोली चलाउन, लाठी चार्ज गर्न र अश्रुग्यास हान्न तयार भएनन् । यसबारे थापाले तत्कालीन डी.एस.पी. सिलवालसँग राजीनामा मागेको हामीले थाहा पायौं । नवराजजीसँग पछि चिनापर्ची भयो र थाहा पायौं, उहाँ कथाकार हुनुहुन्छ । उहाँका दुई कथा संग्रह पढ्यौं । कथाहरू राम्रा छन् । मैले स्वाभाविक रुपमा भनेको थिएँ - एकेडेमीमा पुग्नुपर्ने व्यक्ति प्रहरी सेवामा पुग्नु भएछ !

विजयकुमार गच्छदारबारे मैले उहाँलाई सधैं काँग्रेस कार्यकर्ता नै भन्थें । 'अवसरवादी' शब्द मेरो होइन ।

मोहनविक्रमजीले हृदयचन्द्र सिंह प्रधानको 'गंगालालको चिता' बारेको नाटकलाई ऐतिहासिक साहित्यको रुपमा मात्र लिनु उचित हुन्छ भन्ने मेरो भनाइ हो । प्रस्तुत भनाइ उपयुक्त देख्दिन ।

**८ वैशाख २०७५ को कान्तिपुरका साप्ताहिक परिशिष्टाङ्क "कोसेली" को "बिजुक्छें जुगको बयान" मा त पत्रकार घनश्याम खड्काले खुब हँसाउनुभएको जस्तो छ नि ?**

घनश्याम खड्काजी युवा जोशका पत्रकार हुनुहुन्छ, तर लामो अन्तर्वार्तामा एक दुई ठाउँमा तल-माथि हुनु स्वाभाविक हो । मन्त्री बलबहादुर राईसँगको काठमाडौंको खानेपानी र विज्ञान तथा प्रविधि मन्त्रीसँगको प्रश्न मैले गरेको होइन अरु नै सांसद मित्रहरूले गरेका थिए र जलस्रोत मन्त्री बासु रिसालको उत्तरबारे मन्त्रीजीसँग होइन अन्य नेपाली काँग्रेसका सांसद मित्रहरूसँग संसदमै जिज्ञासा राखेको थिएँ । नेमकिपाको स्थापना २०३१ साल माघ महिनामा भएको थियो । पत्रिकामा उल्लिखित मिति अन्यथा राखिएको छ ।

- स्रोत: मजदुर दैनिक

KIPU SCIENTIFIC TRADERS
(SCIENCE & SURGICAL HOUSE)
Kirtipur Branch, Nayabazar
Head Office: Tripureshwor, Ph. No.: 014252365
Email: shankarmaharjan39@gmail.com, Mob. No.: 9851007840, 9841301590

अब कीर्तिपुरमा



हाम्रो सेवाहरू:
१) SCIENCE LAB को लागि चाहिने सम्पूर्ण सामानहरू
२) HOSPITAL, CLINIC, PATHOLOGY LAB का साथै SURGICAL सम्बन्धि सम्पूर्ण सामानहरू
३) तितेपाती (ARTEMESIA) तेलका साथै विभिन्न जडिबुतीका तेलहरू
४) बैज्ञानिक अनुसन्धान, शैक्षिक प्रयोगशालाका ग्लास, उपकरणहरू डिजाइनिङ्ग, उत्पादन तथा मर्मत
५) MATH LAB को लागि चाहिने आवश्यक सामानहरू

स्थान : शहीद स्मारक कलेज जाने बाटो
कीर्तिपुर गेटसँगै, नयाँबजार
सम्पर्क नं. : ९८५१००७८४०, ९८४१३०१५९०
त्रिपुरेश्वर शोरुम : ०१-४२५२३६५

Deals in: Lab Chemicals, Glassware, Apparatus, Surgical, Veterinary, Agriculture, Research, Industries, School, Campus, Hospital Equipments etc.

# 'पालैपालो सरकारमा जाने दलहरू जनताले राम्ररी चिनेका छन्'

(प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाईंले बैशाख १३ गते अर्थमन्त्री कैलाश ढुंगेलले प्रस्तुत गर्नुभएको आय र व्ययको अनुमान र प्रदेश विनियोजन विधेयक-२०७५ माथि छलफलमा भागलिँदै व्यक्त मन्तव्यको सार-संक्षेप ।)

कठघरामा उभ्याइएको अभियुक्तले आफ्नो अपराधको सन्दर्भमा दुई-तीन वटा शब्द अक्सर प्रयोग गर्ने गर्छ - बाध्यता, विवशता र नियतवश होइन, असावधानीवश। तर नीजलाई क्षमा दिईदैन, दण्डित गरिन्छ ।

बाध्यताआइपर्नु अगावै विवेक पुऱ्याउन सक्नेनै बुद्धिमान ठहरिन्छ । यतातर्फ सम्बन्धितको ध्यानजाओस् ।

कामरेड लेनिनले एक सन्दर्भमा भन्नुभएको यहाँ उल्लेख गर्दा सान्दर्भिक होला - कामगर्न नजान्ने कर्मी ज्यावलदेखि रिसाउँछ, दोष दिन्छ ।

हामी आफैले बनाएको प्रदेश नियमावली निलम्बन गर्नु गलत छ र यो सरकारको अन्धदृष्टिको द्योतक हो। नकारात्मक कामबाट सकारात्मक नतिजाको अपेक्षा गर्नु उचित हुँदैन ।

संख्याको दम्भ अन्त उचित होला तर सभ्य, शिष्ट समाजमा सुहाउँदैन ।

अर्थमन्त्रीको वक्तव्यमा नेपाली राजनीतिका केही विवादास्पद शब्द प्रयोग भएका छन् । संवेदनशील समुदायती शब्दसँग सहमत छैन ।

झण्डै ३० वर्ष भयो बहुदलीय व्यवस्था पुन:स्थापना भएको, पालैपालो सरकारमा जाने दलहरु जनताले राम्ररी नै चिनेका छन् । अब शब्द, नारामा होइन व्यवहारमा पनि केही गरेर देखाउन नसके इतिहासले निकम्मा साबित गर्नेछ ।

अर्थमन्त्रीज्यूले 'समाजवादउन्मुख' शब्द प्रयोग गर्नुभएको छ । निजीकरणतर्फको यात्राले समाजवादमा पुग्न संभव हुँदैन । आत्मनिर्भरताबिना, आफ्नै उत्पादनबिना समाजवादउन्मूख भन्नु झुठ हो। काम-माम-कपडाको ग्यारेन्टी बिना, उत्पादनका मुख्य-मुख्य स्रोतहरु सामाजिकीकरण नगरी, शिक्षा तथा स्वास्थ्य नि:शुल्क नगरी, क्रान्तिकारी भूमिसुधार तथा वैज्ञानिक कृषि प्रणाली अवलम्बन नगरी र त्यसको आवश्यक चाँजोपाँजो नै नगरी र तीप्रति गम्भीर प्रतिबद्धता एवं इमानदारीबिना समाजवादतर्फ यात्रा गर्छौं भन्नु ढाँट, छलकपट बाहेक केही पनि होइन । यो जनताप्रतिको धोका हो र इतिहासमाथि बेइमानी हो ।

समाजवाद र समृद्धि भजनको कुनै राग होइन, कुनै तान्त्रिकको मन्त्रोचारण होइन, धामी-झाँक्रीको झारफुक होइन। समाजवाद र समृद्धिको नारा जनता अल्मल्याउने चालबाजी नबनोस् । समाजवाद त मजदुर-किसानको स्वर्ग हो । केटा मान्छे रोएको सुहाउँदैन भन्ने चलन छ । म त भन्छु, अभिभावक रोएको सुहाउँदैन । सरकार भनेको अभिभावक हो । अभिभावक अल्छी, कामचोर बने परिवारको बिजोग हुन्छ। यो बजेट आय-व्ययभन्दा रोदन-क्रन्दन र लाचारीले भरिएको स्कूले विद्यार्थीको निबन्ध-प्रबन्ध जस्तो अनुभूत हुन्छ ।

ठोस योजनासहित, वस्तुगत, तथ्यपरक र प्रष्ट हुनुपर्नेमा यो बजेट गफगाफले भरिपूर्ण, हचुवाको भरमा ल्याइएको छ। यो आश्वासनको पोका बाहेक केही पनि होइन ।

"नानीदेखि लागेको बानी" भनेझैँ समय छँदा सुतिबस्ने र समय बितिसकेपछि जथाभावी, जबर्जस्त चलने परम्परा दोहोऱ्याईदैछ। यो बिडम्बना हो। यो बजेटमा भ्रष्टाचार र अनियमितताको गन्ध आइसकेको छ। भ्रष्टाचार पूँजीवादी व्यवस्थाको छाँया हो भन्ने भनाई त्यतिकै आएको होइन, यो ऐतिहासिक अनुभव हो ।

भूकम्प पीडितको निम्ति तीन वर्ष बितिसक्दा समेत केही गर्न नसकेको तिखो-तीतो आरोप खेपिसक्दा समेत फेरि पनि केही संबोधन नगरिनु गैरजिम्मेवारीपनको पराकाष्ठा नै हो।

संघीयता जोगाउन हामी सक्षम छौं या छैनौं र प्रदेश सरकार चलाउन हामी लायक छौं या छैनौं भन्ने व्यवहारले पुष्टि गर्न हाँक तेर्सिएको झन् महसुस गरिईदैछ।

कुरा समृद्धिको गर्ने काम टालटुले गर्ने, अँग्रेजीमा यस्तोलाई paradox अर्थात विरोधाभाष भनिन्छ । यो रोगबाट जोगिईंदा जनताको स्याबासी पाइएला ! धन्यवाद !

# प्रदेश प्रमुख कोइरालाद्वारा संसद्‌मा सम्बोधन

प्रदेश नं. ३ का प्रदेश प्रमुख अनुराधा कोइरालाले देश र प्रदेशको विकासका लागि विभाजित नभई अघि बढ्नुको विकल्प नरहेको बताउनुभएको छ ।

आज प्रदेशसभा बैठकलाई सम्बोधन गर्दै प्रदेश प्रमुख कोइरालाले आपसी एकता र समझदारी कायम गर्दै विकास र समृद्धिको चरणमा अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

भूकम्प गएको तीन वर्ष भइसक्दा पनि ३० प्रतिशत भूकम्पपीडितले मात्रै आंशिक अनुदान पाएको भन्दै उहाँले उनीहरुलाई यथाशीघ्र छानामुनि ल्याउन जरुरी रहेको धारणा व्यक्त गर्नुभयो ।

प्रदेश नं. ३ को शीघ्र विकासका लागि यस प्रदेशलाई महत्वपूर्ण सुरुङ्गमार्गमार्फत् छोटो दूरीको पहुँच र एक जिल्ला एक विशिष्टीकरण उत्पादन, प्राविधिक शिक्षाको स्थापना र विस्तार, नयाँ शहरको अध्ययन, निर्माण र विस्तार, जोखिममा रहेको बस्तीको स्थानान्तरण, वैज्ञानिक भू-उपयोग नीति लागू गरी भूमिको व्यवस्थापनलगायतका कार्यक्रम लागू गर्ने नीति सरकारले लिएको उहाँले बताउनुभयो ।

उहाँले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमले प्रदेश विकासको व्यवस्थित अवधारणा अघि सार्ने बताउनुभयो ।

मंगलबार नै बसेको दोस्रो बैठकमा मुख्यमन्त्री डोरमणि पौडेलले प्रदेश प्रमुखको सम्बोधनको प्रति टेबुल गर्नुभयो। प्रदेशसभा सदस्य रामेश्वर फुयाँलले प्रदेश प्रमुख कोइरालाप्रति धन्यवाद प्रस्ताव राख्नुभएको थियो ।

बैठकमा सभामुख सानुकुमार श्रेष्ठले प्रदेश सदस्यको मर्यादाक्रम प्रतिनिधि र राष्ट्रिय सभापछि हुने भनी मन्त्रिपरिषद् बैठकले गरेको निर्णय प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पठाएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउनुभएको थियो ।

प्रदेशसभा बैठक बैशाख १३ गतेसम्म ११ बजेसम्मका लागि स्थगित भएको छ ।

### प्रदेश नं. ३ को लोगो र पोशाक निर्धारण

प्रदेश नं. ३ को बैठकले संसद्का लागि पोशाक र लोगोको निर्धारण गरेको छ ।

सोमबार सभामुख श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले संसद्का लागि पोशाक र लोगो निर्धारण गरेको हो। निर्धारण गरिएको लोगोमा गौरीशंकर हिमाल, राष्ट्रिय झण्डा, पशुपतिनाथको मन्दिर र स्वयम्भूको आँखा अंकित चित्र रहेको छ ।

पोशाकमा कालो कोट, कालो जुत्ता, सेतो रङ्गको दौरा सुरुवाल राखिएको छ । विशेष समारोहमा खैरो कोटसमेत लगाउनुपर्ने सभामुख श्रेष्ठले बताउनुभयो ।

त्यसैगरी महिलाले आफ्नो वेशभूषाअनुसारको पहिरन लगाउन पाउने व्यवस्था गरिएको छ ।

ग्यारेन्टी उपचार
नशा च्यापिएको धुँडाको दुखाइ
आश्चर्यजनक रुपमा ग्यारेन्टी निको पार्ने
◆ जाँड-रक्सीको कुलत ग्यारेन्टी छुटाउने
◆ सधैँ नबाहिरिने सुगर कन्ट्रोल गर्ने
◆ महिला/पुरुषको यौन पावर बढाउने
◆ पेटको दाग अनुहारको चाँयापोतो हटाउने
◆ भुँडी घटाउने/शरीरको तौल बढाउने
◆ स्तन घटाउने, बढाउने/टाईट पार्ने
फिटनेस प्वाइन्ट ट्रेडिङ्
दुरसंचारको गेटसँगै
फोन नं. ४३३६७०१
९८०३५०२५४९, ९८४१८८१९७६
Free Home Delivery
Not For Medicinal Use





ANNOUNCES

Admission Open for

the Academic Session 2075

PLAY GROUP - GRADE VII

Reserve your seats in time (Seats are limited)

Entrance Dates: 2074/12/22 (First Phase), 2075/01/06 (Second Phase)

PUSHPASADAN
Boarding High School
Kirtipur, Kathmandu

Tel: 4331827/ 4331917
e-mail: puspasadan@gmail.com
URL: www.pushpasadan.edu.np

**प्रदेशसभाले.....**

बढीमा चार पटकको बैठकको लागि प्रति बैठक पाँच सय भत्ता सुविधा दिने निर्णय भएको छ ।

साथै विधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यहरुलाई वार्षिक १२ पटक बैठकका लागि प्रति बैठक पाँच सय बैठक भत्ता तय गरिएको छ ।

गाउँपालिकाको सन्दर्भमा अध्यक्षको प्रतिमहिना तलब ३० हजार, उपाध्यक्षको २५ हजार, वडाध्यक्षको २० हजार, कार्यपालिका सदस्यको ६ हजार र सभा सदस्यहरुको ५ हजार रुपैयाँ तोकिएको छ ।

साथै अध्यक्षलाई १५ सय, उपाध्यक्षलाई एक हजार र वडाध्यक्षलाई ८ सय मासिक सञ्चार सुविधा तोकिएको छ ।

साथै अध्यक्षको दैनिक भ्रमण भत्ता १८ सय (विदेश भ्रमणमा १५० डलर), उपाध्यक्षको १६ सय (विदेशभ्रमणमा १४० डलर), वडाध्यक्ष, कार्यपालिका सदस्य र सभा सदस्यको लागि १५ सय ( विदेश भ्रमणमा १२५ डलर) तोकिएको छ ।

न्यायिक, विधायन, लेखा र सुशासन समितिको बैठक भत्ता नगरपालिकाकै साविक तोकिएको छ ।

न्यायिक समितिको बैठक भने महिनामा तीन पटक मात्र बस्ने पाउने बन्दोबस्त गरिएको छ ।

महानगरको सन्दर्भमा मेयरको तलब मासिक ४२ हजार, उपमेयरको ३७ हजार, वडाध्यक्षको २५ हजार, कार्यपालिका सदस्यको ८ हजार र सभा सदस्यको ७ हजार तोकिएको छ ।

सञ्चार सुविधा क्रमश: मेयरको ३ हजार, उपमेयरको १५ सय र वडाध्यक्षको एक हजार तोकिएको छ ।

दैनिक भ्रमण भत्ता मेयरको २५ सय, उपमेयरको २ हजार, वडाध्यक्ष, कार्यपालिका सदस्य र सभा सदस्यको १६ सय तोकिएको छ ।

उपमहानगरपालिकाको प्रमुखको मासिक तलब ४० हजार, उपमेयरको ३५ हजार, वडाध्यक्षको २२ हजार, कार्यपालिका सदस्यको ७ हजार ५ सय र सभा सदस्यको ६ हजार ५ सय तय गरिएको छ ।

जिल्ला समन्वय समितिको प्रमुखको मासिक तलब ४२ हजार, उपप्रमुखको ३७ हजार र सदस्यको ८ हजार ५ सय तोकिएको छ ।

विदेशमा दैनिक भ्रमण भत्ताको सन्दर्भमा युरोपेली मुलुक, अष्ट्रेलिया, न्युजिल्याण्ड, अमेरिका, क्यानाडा, कुवेत, कोरिया, जापान, हंगकंग, रुस, कतार, जाम्बिया, युएई, सिंगापुर, लेवनान, बहराइनको भ्रमणमा जाँदा तोकिएको रकममा तेत्तीस प्रतिशत थप रकम दिइने निर्णय भएको छ । साथै भारतको चेन्नाई, हैदरावाद, बैंग्लोर, मुम्बई, दिल्ली, कोलकोत्ता, बंगलादेशको ढाका र चटगाउँमा रात बिताउनुपर्ने अवस्थामा तोकिएको विदेश भ्रमण भत्ताको आधा प्रतिशत दिने विधेयक पारित भएको छ ।

सबै पदाधिकारी र सदस्यहरुको यात्रा विमा भने दश लाख तोकिएको छ ।

संविधानमा स्थानीय तहको पदाधिकारी र सदस्यहरुको तलब सुविधा प्रदेशसभाबाट तय गर्ने बन्दोबस्त छ । तर प्रदेश सभा बन्नुअघि नै स्थानीय तहको निर्वाचन भई पदाधिकारी निर्वाचित हुँदा लामो समय पदाधिकारीहरुको तलब सुविधा अनिश्चित बनेको थियो । केही पालिकाहरुले भने आफैले मनोमानी तरिकाले तलब तोकी सुविधा लिएका थिए ।

बिहीबार बसेको प्रदेशसभा बैठकले गाउँ, नगर, जिल्ला सभा सञ्चालन कार्यविधि पनि पारित गरेको छ ।

# के हो अर्थोपेडिक फिजियोथेरापी ?

– डा. अमरेन्द्र झा,
अर्थोपेडिक फिजियोथेरापिस्ट

फिजियोथेरापी आधुनिक चिकित्सा विज्ञानको एउटा शाखा हो। यसमा शारीरिक अभ्यासबाट रोगको उपचार र रोकथामका साथै बिरामीलाई परामर्श दिइन्छ ।

विभिन्न कारणले समस्या भएका शरीरका अंगलाई पूर्ववत अवस्थामा ल्याउन गरिने उपचार विधिलाई फिजियोथेरापी भनिन्छ । यो चिकित्सा विज्ञानको एउटा विषय हो । फिजियोथेरापी विभिन्न प्रकारका हुन्छन्। हाडजोर्नी तथा नसासम्बन्धीलाई अर्थोपेडिक, नसाकोलाई न्युरोलोजी, मुटुसम्बन्धी कार्डियोथोरासिक, खेलकुदसम्बन्धी स्पोर्ट्स, बच्चासम्बन्धी पेडियाट्रिक तथा वृद्धवृद्धामा उत्पन्न हुने समस्यालाई जेरियाट्रिक फिजियोथेरापी भनिन्छ ।

**अर्थोपेडिक फिजियोथेरापी**

हाडजोर्नी तथा नसासम्बन्धी समस्या लिएर आउने बिरामीमा प्राय:जसो हड्डी खिइएर नसा च्यापिएका, घाँटीको हड्डी खिइएका, हड्डी कमजोर भएका, क्याल्सियमको कमीले हड्डी बांगिने र कति त जन्मजात हड्डी बांगिएका हुन्छन्। यस्तै, कम्मरमा हड्डी खिइने वा उमेरअनुसार हड्डी खिइएर नसा च्यापिने बढी हुन्छन्। कसैमा काम गर्ने तरिका नमिलेर या मांसपेशी कमजोर भएर समस्या देखिन्छ । घुँडाको हड्डी, जोर्नी खिइएर आउने समस्या बढी हुन्छन् ।

हाडजोर्नी मांसपेशीमा विभिन्न समस्या छन् । जसको निम्न तरिकाबाट उपचार गर्छौं ।

**जनरल एक्ससाइज**

यसमा रोग अनुसारको शारीरिक कसरत गराएर निको पार्ने प्रयास गरिन्छ ।

**विद्युतीय उपकरणको प्रयोग**

यसमा विद्युतीय मेसिन प्रयोग गरेर उपचार गरिन्छ । जसअनुसार समस्या अनुसार कुनैमा कम र कुनैमा बढी करेन्ट दिइन्छ ।

**लो फ्रिक्वेन्सी करेन्ट**: बिरामीलाई प्यारालाइसिस भएको छ, माशंपेसी कमजोर छ भने यस्तो करेन्ट प्रयोग गर्नुपर्छ । त्यसमा पनि 'फ्याराडिक करेन्ट' बढी प्रयोग गर्नुपर्छ। यो करेन्ट प्यारालाइसिस भएका बिरामीलाई प्रयोग गरिन्छ । तर, विद्युतीय उपकरणको गलत प्रयोगले भने झन् बढी समस्या आउन सक्छ । त्यसैले हरेक उपकरणको प्रयोग गर्दा मात्रा, अवधि र इन्टेन्सिटी अनुसार चल्नुपर्छ । कति मात्रा दिने, कति समयपछि दिने र फेरि कसरी दिने भन्ने कुरा फिजियोथेरापिस्टले ध्यान दिनु पर्छ ।

**मिडियम फ्रिक्वेन्सी करेन्ट**: अरु मेसिन लगाउन नमिल्ने अवस्थाका बिरामीलाई यस्तो करेन्ट प्रयोग गरिन्छ। यस्ता बिरामीलाई आइएफडी मेसिनले करेन्ट लगाइन्छ । शरीरभित्र मेटल राखेको, वा अपरेसन गरेका बिरामीलाई यस्तो मेसिन लगाउँदा कुनै हानी गर्दैन ।

**हाई फ्रिक्वेन्सी करेन्ट**: मुख्य जोर्नी या ठूलो जोर्नीमा धेरै दुख्छ भने त्यसलाई नियन्त्रण गर्न उच्च खालको करेन्ट प्रयोग गरिन्छ । यस्तो करेन्ट दिने मेसिनमा विद्युत चुम्बकीय तरंगहरु बढी प्रयोग हुन्छ ।

**मस्ट हिट**: मस्ट हिटको प्रयोग निश्चित ठाउँमा हुने कडा दुखाइ (सुपरफिसियल पेन) का लागि प्रयोग गरिन्छ ।

**लेजर बिम**: लेजर बिमको प्रयोग पनि गर्न सकिन्छ। यो पनि हाइ, लो र मिडियम गरी तीन प्रकारका हुन्छन् । हाइ फ्रिक्वेन्सी लेजर शल्यक्रियामा प्रयोग गरिन्छ भने मिडियम छाला उपचार गर्न प्रयोग गरिन्छ । सर्ट फ्रिक्वेन्सी भने फिजियोथेरापिस्टहरुले प्रयोग गर्छन् । लेजर मेसिन अहिलेसम्मको आधुनिक उपकरण हो । यसले प्रभावित ठाउँमा फोकस गरेर दुखाइ कम गर्छ ।

यस्तो उपचारमा रोगको अवस्थाअनुसार करेन्टको डोज निर्धारण गरिन्छ । बच्चाको उमेरअनुसार करेन्ट तय गर्नुपर्छ । यदि, सानो बच्चा छ र हाइ फ्रिक्वेन्सी लगाइयो भने बच्चालाई समस्या उत्पन्न हुन्छ। कुनै वृद्ध व्यक्ति छन् भने त्यही अनुसार करेन्टको फ्रिक्वेन्सी प्रयोग गर्नुपर्छ ।

**म्यानुअल थेरापी**

म्यानुअल थेरापी भनेको औषधि र कुनै पनि विद्युतीय उपकरणको प्रयोग नगरीकन हातको सहायताले गरिने उपचार विधि हो। यसमा अथेटोसिस पनि प्रयोग गरिन्छ । जसलाई कृत्रिम सहयोगी सामग्री भनिन्छ। यसमा नम्बर क्रसेस बेल्ट, सर्भाइकल कोलार (घाँटीमा बाँध्ने), निक्याप आदि पर्छन् । यसको सहयोगले रोगले हुने क्षतिबाट जोगाउन सकिन्छ ।

**सचेतना**

रोग लाग्न नदिन के गर्ने, लागिसकेको अवस्थामा कस्तो सावधानी अपनाउनेजस्ता कुराबाट समाजमा शिक्षा, चेतना जगाउन सकिन्छ। घुँडाको हड्डी खिइएको छ भने त्यो रोगमा के-के सावधानी अपनाउन सकिन्छ, कुन उमेर समूहमा हड्डी खिइने बढी हुन्छ भनेर सावधानी अपनाउनुपर्छ । यसबारे परामर्श र सचेतनाको अभियान चलाउनु जरुरी छ ।

- स्वास्थ्यखबर

